# महामन्त्रीमा विश्वप्रकाश शर्मा

## प्रचार सचिवालय

# हिजो राजनैतिक परिवर्तन, अब राजनीतिमा परिवर्तन

● विश्वप्रकाश शर्मा

***(राजनीतिमा परिवर्तनको अनिवार्यता बारे नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा महामन्त्री पदका उम्मेदवार विश्वप्रकाश शर्माले, संविधान दिवसका अवसरमा झापा बिर्तामोडको कार्यक्रम मार्फत सार्वजनिक गर्नुभएको अवधारणा पत्र)***

नेपाली कांग्रेसको चौधौं महाधिवेशनको क्रममा हामीले एकातर्फ विगतको आत्मसमिक्षा गर्नुछ, अर्कातर्फ आउँदा दिनहरुका लागि आत्मचिन्तन । स्थापना कालमा विपी कोईराला लगायतका अग्रजले देशका सामु राख्नुभएको संकल्प र सपनाले हासिल गरेको उपलब्धीप्रति एकातर्फ गौरब त अर्कातर्फ कार्यसम्पादनमा रहेका हाम्रा कमजोरीको इमान्दार पहिचान गर्दै बदलिएको नेपाल र बदलिएको समयलाई सम्बोधन गर्ने नविन संकल्प र नविन सपनाको रेखांकन अबको कांग्रेसले गर्नुछ ।

यो ऐतिहासिक घडिमा म विचार विजारोपण गर्ने अग्रज नेताहरू, त्यो विचारका लागि जीवन अर्पण गर्ने महान सहिदहरु अनि विचार र संस्कारको त्यो निष्ठाप्रति जीवनभर समर्पित पार्टीका पुराना जीवित अग्रजहरु एवं अन्य सबै आदरणीय जनमा यो घडिमा बिशेष श्रद्धा र सम्मान व्यक्त गर्दछु ।

ईतिहासको एउटा कालखण्डमा विपीले देशका लागि देख्नुभएको सपनालाई एक्काईसौ शताब्दीको नेपाली युवाको आजको सपनासँग एकाकार गरेर “समय सापेक्ष सपना” साथ नेपाली कांग्रेस अघि बढ्नु छ । यो यात्राले कांग्रेसको रुपान्तरण, सामाजिक परिवर्तन र भौतिक प्रगती तर्फको आकांक्षालाई सम्बोधन गर्न सक्नुछ । चौधौं महाधिवेशन क्रममा यि समग्र विषयमा हामीले चिन्तन गर्नुछ ।

आज असोज ३ गते २०७८ को संविधान दिवसको दिन भने म आफ्नो गृह जिल्ला झापाको माटोमा उभिएर यि विषयलाई थाति राखेर यो समग्रलाई नायकत्व गर्ने राजनीतिको आजको चुनौती, राजनीतिप्रतिको प्रश्न र बिकर्षण अनि अबको राजनीतिक रुपान्तरणको सन्दर्भमा आफ्नो अवधारणा प्रस्तुत गरिरहेको छु ।

मेरो संक्षिप्त अपिल छ **“हिजो राजनैतिक परिवर्तन, अब राजनीतिमा परिवर्तन”** । हामी जान्दछौं हरेक देशको राजनीतिले त्यो देशको हरक्षेत्रलाई प्रभावित र नेतृत्व गरेको हुन्छ, अतः राजनीतिमा परिवर्तनको अर्थ हुन्छ हर क्षेत्रमा त्यसको व्यापक सकारात्मक प्रभाव । नेपालमा राजनैतिक परिवर्तन पटकपटक भएको छ, अब बेला भएको छ राजनीतिमा परिवर्तनका लागि खुला संवाद, बहस र अभ्यास गर्ने । हाम्रो राजनीतिको छविप्रति उब्जिएको प्रश्न र विकर्षणलाई सुत्रबद्ध गर्दै तिनको समयोचित हल साझा ढंगले पहिल्याऔं । यहि आग्रहका साथ २४ बुँदा छलफल र बहसका लागि प्रस्तुत गरेको छु ।

## (राजनीतिको छवि सकारात्मक बनाउने साझा जिम्मेवारी)

### १) राजनीतिको छविमा पुनर्ताजगीको आकांक्षा

राजनीतिलाई राजनीति भित्रकाले र राजनीति बाहिरकाले बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोणमा सामञ्जस्यता खोज्न जरुरी छ । राजनीति बाहिर रहेकाको नजरबाट राजनीति र राजनीतिकर्मीको छविलाई नियाल्ने अनि सकारात्मक धारणाहरुलाई अभिवृद्धि गर्ने तथा नकारात्मक बुझाईका तथ्य जो छन्न तिनलाई अन्त्य गर्न आत्मालोचित हुने र रुपान्तरणको सुत्र खोजी गर्ने ।

## (सबै बढौं, सँगै बढौं निस्चित गरिएको राजनैतिक बाटोमा)

## २) संविधान बनाउनेले संविधान प्रति इमान राखौ

ऐतिहासिक आन्दोलनहरु र संविधानसभाको वैधानिक प्रक्रिया मार्फत देशले आजको उपलब्धी हासिल गरेको हो । भिन्न दर्शन, भिन्न दल र भिन्न नेतृत्वको आपसका थुप्रै फरक मत थाती राखेर **"विमती बिच सहमती"** को दस्तावेजको रुपमा आजको संविधान निर्माण गरेका हौ । यो उपलब्धी साझा हो र कमजोरी पनि साझा हो ।

जो जसले संविधान निर्माणमा सहकार्य गर्‍यौं, तिनैले यसको स्वामित्व नलिने र यसप्रतिको फरकमतलाई मुद्दा बनाउने हो भने त्यो जिम्मेवार राजनीतिको परिचय हुन सक्दैन । देशलाई अनन्तकालसम्म केवल राजनीतिक बहसमा अल्मल्याउनु हुन्न । संविधान निर्माण गर्नेले नै यसप्रति विश्वास राख्दैनौ भने अरु कसैले किन विश्वास राख्छ ?

आजको मितिमा राजनीतिमा परिवर्तनको प्रारम्भिक शर्त र अर्थ भनेको हालसम्मका राजनैतिक परिवर्तनका अंशियारहरुबाट यसप्रति साझा स्वामित्व र जिम्मेवार चरित्र तथा प्रवृत्तिको खोजी हो ।

## ३) संविधानप्रति विमति लोकतान्त्रिक हक तर संविधानसभाको वैधानिकता कदर साझा कर्तव्य

(मूलतः संविधानसभाको वैधानिकतालाई सबै राजनीतिक शक्तिले स्विकार गरेकै स्थिती थियो) । संविधान प्रति अपनत्वको दायरा बढाउनु साझा अभिभारा र यो अभिभारा सम्पादनको जिम्मेवारी पनि साझा । भिन्न समुदाय र भिन्न भूगोलले अघि सारेका मुद्दा र भावनालाई एकाकार गरेर देशको संविधानप्रति अपनत्वको दायरा बढाउँदा त्यसले राजनीतिमा परिवर्तनको बिषयलाई साझा अपनत्वको बनाउन योगदान गर्नेछ ।

## ४) आजको राजनैतिक "व्यवस्था ठिक छ", "अब्यवस्था अन्त्य" गरौं ।

राजनैतिक शासन प्रणाली कस्तो हुनु उचित भन्ने द्वन्द्वमा नेपाल देशलाई अन्त्यहिन श्रृङखलामा अब धकेल्नु हुन्न । लोकतान्त्रिक प्रणालीको बाटोबाट दुनियाँमा अनेक मुलुकले समृद्धि र जनताको खुसि हासिल गरेका छन् । व्यवस्था भित्रको अब्यवस्था अन्त्य गरेर यसप्रति जनताको आशालाई विश्वासमा बदल्नुपर्छ ।

## (साझा बिषयमा साझा दृस्टीले राजनीतिप्रति आकर्षक बढ्नेछ)

## ५) साझा विषयको पहिचान र साझा दृष्टिकोण निर्माणले हाम्रो राजनीतिलाई जिम्मेवारपूर्ण र विश्वसनीय बनाउने छ

दलगत आग्रह भन्दा माथि उठेर साझा राष्ट्रिय दृष्टि निर्माण गर्नुपर्ने विषय निम्न हुन भन्ने मेरो ठहर छः

क) परराष्ट्रनीतिः साझा र जिम्मेवार दृस्टीको प्रश्न ।

पुरानो व्यवस्थाबाट हामी नयाँ व्यवस्थामा पुग्यौं, नयाँ व्यवस्थाको अर्थ र अस्तित्व परराष्ट्र नीतिमा देखिएको छैन । देशको सम्मान, स्वाभिमान र समृद्धिसँग सोझै सरोकार राख्ने परराष्ट्र निति व्यक्तिका बुझाई या दल बिशेषको आग्रह भन्दा माथि देशको हुनुपर्छ, बनाइनुपर्छ ।

ख) नीतिगत सुनिश्चितताः देशको समृद्धिका लागि अनिवार्य आवश्यकता

ग) पार्टी र सरकार बीचको सम्बन्ध जटिलताको तार्किक व्यवस्थापन । (स्मृतिमा राखौ, हाम्रो देशका कयौ सरकार यो सम्बन्धको परिपक्व व्यवस्थापन हुन नसक्दा असफल भएका छन् । राजनीति प्रति युवा विकर्षणको एक प्रमुख कारण यहि अस्थिरताको श्रृंखला हो) ।

घ) जातिय विभेद या घरेलु हिंसा या कुनैपनि प्रकृतिका सामाजिक विसंगतीका घटनामा दोषी प्रमाणित व्यक्तिलाई समाज रुपान्तरणको राजनीतिक आन्दोलनबाट विदाई गर्ने विषयलाई हरेक राजनीतिक दलले साझा दायित्वको रुपमा अंगिकार गर्नुपर्दछ ।

ङ) सामाजिक न्यायको विषयलाई राजनीतिक होईन मानवीय कोणबाट सम्बोधन गरौ ।

च) संसदीय निर्वाचनको अभियान खर्चिलो र कामचलाउ पारदशी मात्र भएको यथार्थलाई आत्मचिन्तन गर्दै मितव्ययी नीति र विधिको निर्माणले राजनीतिमा बढ्दो विकृतिलाई नियन्त्रण गर्न सघाउँ पुर्‍याउँदछ ।

## (सहिष्णुता, सुसंस्कृत राजनीतिको मूलमन्त्र)

## ६) सहिष्णुताको प्रश्न व्यक्तिको लोकतान्त्रिक चरित्र परिक्षण गर्ने एक विधि हो

टेलिभिजनमा समाचार हेरिरहेका आमाबाबाको छेउमा रहेका साना बालबालिकाले हामी राजनीतिककमीका कतिपय अभिव्यक्तिबाट के सिकिरहेका होलान् ? उनीहरुले त्यसलाई आदर्शको रुपमा लिएका होलान् ? आत्ममनन गरौ । सहिष्णुता लोकतन्त्रको प्रमुख शर्त हो, त्यो छैन त बुझौ म भित्र र हामी भित्र लोकतान्त्रिक संस्कार छैन ।

## ७) प्रश्नलाई प्रोत्साहित गरौं, जवाफमा जिम्मेवार बनौं

राजनीति, राजनितिज्ञ या राज्यप्रति संचा माध्यम या कहिँबाट पनि उठ्ने सकारात्मक या नकारात्मक कस्तै प्रश्नलाई पनि प्रथमतः  प्रश्नकर्ताको लोकतान्त्रिक अधिकारका रूपमा लिइनुपर्छ । संविधानले प्रत्याभूत गरेको अधिकारलाई गैह्र कानुनी रुपले या कानुन बनाएर कुन्ठित गर्ने प्रयत्नले राजनीतिप्रति वितृष्णा बढाउँछ ।

८) पाटी भित्रको प्रतिस्पर्धा होस या बाहिरकासँग, लोकतान्त्रिक प्रक्रिया अंगिकार गरेपछि यसलाई दुश्मनी जस्तो मनोबिज्ञान हामीले कतिपय बेला प्रस्तुत गरेका छौं । लोकतान्त्रिक भन्नु र लोकतान्त्रिक बन्नुमा आफैले आफ्नो समिक्षा गर्ने सहिष्णुताको आत्मनिरिक्षण हामी हरेक राजनीतिकर्मिले गर्न जरुरी छ ।

## ९) सुशासन, पारदर्शिता र सदाचार, परिवर्तित राजनीतिको मूल संस्कार

वृहत्तर ब्याख्या जरुरी छैन,  जरुरी छ जनताको भोगाइबाट पढ्न, जिम्मेवार मिडियाको समाचार र बुद्धिजीवीको लेखाईबाट बुझ्न अनि जरुरी छ समयोचित सुत्रको खोजि गर्न । कस्तै सुन्दर प्रणाली होस् , शुसासन, पारदर्शिता र सदाचार स्थापित गर्न नसक्दा त्यसले भरोसा जित्नै सक्दैन । हामीलाई प्रणाली बदल्ने  सुविधा छैन, प्रवृत्ति बदल्नुको विकल्प छैन ।

१०) राजनीतिप्रति नागरिक वितृष्णाको एक मुख्य कारण सर्वत्र व्याप्त भ्रस्टाचार हो । महालेखाको पछिल्लो प्रतिवेदनले अनियमितताको अनेक चित्र सार्वजनिक गरेको छ । ऐन बनायौं, कानुन बनायौं , पुगेन । अब साझा दृस्टि र जबर्जस्त ढंगको साझा अभियान जरुरी छ । तब देशले समृद्धिको सार्थक गति लिनेछ र राजनीतिको बन्नेछ उज्यालो अनुहार ।

## (अब शासकीय प्रणालीको होईन, शासन संस्कार पद्धतिको बहस)

## ११) मेरो पुस्तालाई प्रस्ताव वान टु थ्रि फोर

शासकीय प्रणालीको बहसलाई **"शासन संस्कार पद्धति"** तर्फ मोडौ । जस्तै अब एकपटक राष्ट्रपति, दुईपटक प्रधानमन्त्री, तीनपटक मन्त्री र चारपटक सांसदको सपथ । यसलाई व्यवहारमा अनुसरण गर्न संभव हुंदा त्यसले नेतृत्वमा आगमन र बहिर्गमनको भिन्न प्रणाली र प्रवृत्ति निर्माण हुनेछ भने परिणाम रचनात्मक हासिल हुनेछ ।

## (लोकतान्त्रिक संस्थाहरुको आधुनिकीकरण)

## १२) लोकतान्त्रिक संस्थाहरुको विश्वसनीयता बढाऔं, तब बढ्छ राजनीतिप्रति आकर्षण अनि राज्यप्रति विश्वास

अभ्यास बहुदलीय छ तर हामी भित्र निर्दलिय शैलिको व्यक्ति केन्द्रित मनोबिज्ञान अझै हावि छ । हाम्रा लोकतान्त्रिक संस्थाहरु चाहे राजनैतिक दल हुन या सरकारहरु या दलहरूका भातृ संस्थाहरु या लोकतन्त्रमा विश्वास गर्ने अनेक संस्था प्रायको लोकतान्त्रिकरण र आधुनिकीकरण भरोसायुक्त ढंगले हुन सकेको छैन ।  राजनीतिप्रति भरोसा जागृत हुन लोकतान्त्रिक संस्थाहरुको संस्थागत शक्तिको विकासले योगदान पुर्याउने छ ।

## (प्रश्नलाई प्रोत्साहन, जिम्मेवार जवाफ र न्यायको प्रश्न)

१३) राजनीति, राजनितिज्ञ या राज्यप्रति संचार माध्यम या कहिँबाट पनि उठ्ने सकारात्मक या नकारात्मक कस्तै प्रश्नलाई पनि प्रथमतः  प्रश्नकर्ताको लोकतान्त्रिक अधिकारका रूपमा लिइनुपर्छ । संविधानले प्रत्याभूत गरेको अधिकारलाई गैह्र कानुनी रुपले या कानुन बनाएर कुन्ठित गर्ने प्रयत्नले राजनीतिप्रति वितृष्णा बढाउँछ । जवाफदेहीपुर्ण जवाफले राजनीतिप्रति आकर्षक बढाउँछ ।

## (न्याय खोजिरहेको एक्लो आवाज सुनौं)

## १४) न्यायको फास्ट ट्र्याक अनुभुती, व्यवस्थाप्रति विश्वासमा अभिवृद्धि

कुनै माग या न्यायोचित मुद्दा सुनुवाइ गर्न राज्यले सयौं या हजारौंको जुलुस प्रतीक्षा गर्नुहुन्न । सम्बोधनमा शिघ्रताले न्यायमा जो अपनत्व अनुभुति गराउँछ त्यसले व्यवस्थाप्रति व्यक्तिको विश्वास बढाउँछ । हेक्का राखौं लोकतन्त्र भन्नु लाखौंको जुलस निकाल्न पाउने अधिकार जति हो, त्यो भन्दा बढि केवल एउटा अदना नागरिकले मलाई न्याय चाहियो भन्दा राज्यले सुनुवाइ गर्नु हो ।

## (सम्मान, श्रद्धा र कदरले राजनीतिको गरिमा बढाऔं)

१५) लोकतन्त्र र देशका लागि जो सहिद भए, तिनको परिवार एवं द्वन्द्वकालमा यो या त्यो पक्षबाट गम्भीर घाइते बनेका नागरिकलाई सामाजिक सम्मान र पुनःस्थापन हाम्रो राज्य र राजनीतिको कर्तव्य हो । सुसंस्कृत समाजको परिचय र जिम्मेवार राजनीतिको पहिचान पनि हो ।

१६) लोकतन्त्र र राष्ट्रको लागि लामो समय संघर्षमा सहभागी अग्रज र आदर्श राजनैतिक व्यक्तित्वहरुको सामाजिक सम्मान र कदर गर्ने संस्कृतिले राजनीतिप्रति नागरिक आकर्षण बढाउँन बल पुर्‍याउँदछ ।

## (रास्ट्र निर्माणमा "कुशल कालिगढी मस्तिष्क" गाँसौ)

१७) **"कुशल कालिगढी मस्तिष्क"** को पहिचान र राष्ट्र निर्माणको अभियानमा संलग्नताका लागि आव्हान र प्रोत्साहन अब जरुरी भएको छ । हेक्का राखौ दल निर्माण र देश निर्माणको विषय अर्न्तसम्बन्धित भएपनि देश निर्माण वृहत विषय हो । राजनीतिमा संलग्न नरहेका तर विषयगत सुयोग्यता राख्ने कुशल कालिगढी मस्तिष्क भएकाहरुलाई सँगै लिएर अगाडी बढ्दा राजनीतिप्रति आकर्षण बढ्छ र राष्ट्र निर्माणप्रति विश्वास अभिवृद्धि हुन्छ ।

१८) राजनीति भन्दा पर रहेका तर देश निर्माणको बिषयगत भिजन बोकेका ब्यक्तित्वको क्षमताबाट रास्ट्र लाभान्वित हुन त्यहि अनुरुपको संवैधानिक बन्दोबस्त र ब्यवहारिक वातावरण निर्माणको बहस जरुरी छ । प्रधानमन्त्रीले मन्त्री परिषद् गठन गर्दा निश्चित संख्या त्यसरी लिन सक्ने प्रबन्ध तर्फ चिन्तन जरुरी छ ।

## (स्वावलम्बि बनौं राजनीतिकर्मिहरु, स्वच्छताको सन्देश दिउँ)

१९) हरेक तहको राजनैतिक नेतृत्व र सदस्यलाई आर्थिक रुपले आत्मनिर्भर बन्ने प्रेरणा र बनाउने अभियानले राजनैतिक व्यक्तिलाई स्वावलम्बी बनाउँदछ भने समग्र राजनीतिलाई स्वच्छ र सदाचारयुक्त मैदान बनाउन योगदान पुर्याउँदछ । राजनीति बाहिर अन्य क्षेत्रमा संलग्न रहेका व्यक्तिले पनि परिवारलाई दिने समय र जीवन सुब्यवस्थापनको साधन जुटाउने सवालमा ईमानको बाटो र आत्मनिर्भरताको लक्ष्य जरुरी छ । त्यसैले मैले भन्ने गरेको छु **"तीन दिन पाटीका लागि चार दिन रोटीका लागि"।**

## (समावेशीताको जग श्रेष्ठताको लक्ष्य)

**२०) श्रेष्ठताको व्यवहारिकताले समावेशिताको गाम्भिर्य, समावेशिताको मार्गबाट श्रेष्ठता हासिल गर्ने लक्ष्य**

यसले लोकतन्त्रप्रति आत्मियताबोध अभिवृद्धि एकातर्फ सबैमा गराउँदछ भने अर्कातर्फ राजनीतिको जिम्मेवार अभिभावकत्व प्रति आकर्षण र भरोषालाई बल पुर्याउँदछ ।

## (सदाचारको ट्रयाक रेकर्ड राजनैतिक नियुक्ति पुर्व)

२१) कुनैपनि सरकारले गर्ने राजनीतिक नियुक्तीहरुमा कैयन देशले गरे झै "Integrity Vetting" गर्ने । अर्थात सिफारिस हुनेको सदाचार सम्बन्धी ट्रयाक रेकर्ड हेर्ने र दल, सरकार र राजनीतिको छविमा कस्तो प्रभाब पर्छ भन्ने कुरालाई मुख्य केन्द्रमा राख्ने ।

## (राजनीतिप्रति युवाको विकर्षण बदलिन्छ विश्वासमा देश बन्ने विश्वासले)

२२) **"देशमा केहि भएको छ, धेरै गर्न बाँकी छ"** यो भावना जनजनको मनमा दृढ ढंगले विकसित गर्न जरुरी छ । महत्वपूर्ण राजनैतिक परिवर्तनहरुले देशलाई उज्यालो भविष्य तर्फ अग्रसर हुन मार्ग प्रशस्त गरिसकेको छ भने अस्थिरता र हिंसात्मक द्वन्द्वको विच पनि देखिने गरी आर्थिक र भौतिक प्रगतिका केहि कार्य देशमा भएका छन् ।

## (राजनीतिले अब क्रान्तिको परिभाषा बदल्नु पर्छ)

२३) राजनीतिक परिवर्तनको नेतृत्व दलहरुले गरे, राजनीतिमा परिवर्तन दलहरुको भित्रको परिवर्तनबाट प्रारम्भ हुन्छ ।

छलफलका प्रस्तावित यि बुँदासँग राजनीतिमा परिवर्तन गर्ने अन्य कयौ विषय तथा सवालहरु हुन सक्दछन् र छन् । जसलाई बहसको केन्द्रमा थप जोड्दै जानु जरुरी छ, ताकी बहसको कारखानाबाट रुपान्तरणको नविन औजारको उत्पादन गर्न सकियोस् ।

२४) राजनीतिमा परिवर्तनको एजेण्डा उठाउनुको अर्थ हो, मूल सङ्लो त समग्र संङ्लो । संसारमा जतिसुकै सुन्दर राजनीतिक प्रणाली किन नहोस जनताको हित र देशको प्रगती प्रणाली मात्रैमा होईन त्यसका सञ्चालकहरुको प्रवृत्तिमा बढी निर्भर हुन्छ । त्यसैले नेपाली कांग्रेसको चौधौं महाधिवेशनमा महामन्त्रीको उम्मेद्वार हुदैगर्दा म सबैको ध्यान यसतर्फ आकर्षित गर्न चाहन्छु । नेपाली कांग्रेसका सदस्यलाई मात्र होईन यो हरेक राजनीतिक दलको सदस्यका लागि पनि हो । जय नेपाल !

**(कांग्रेसमा रुपान्तरण लगायत रुपान्तरणका अन्य क्षेत्र सम्बन्धि एजेन्डामा म क्रमशः प्रस्तुत हुनेछु)**

२०७८ असोज ३

विर्तामोड झापा